स्थानीय तहका कार्यक्रम र बजेटमा सञ्चार तथा प्रविधि

# डिजिटल पूर्वाधार विकास र सेवामा प्रविधिको प्रयोग



स्थानीय तहका कार्यक्रम र बजेटमा सञ्चार तथा प्रविधि

# डिजिटल पूर्वाधार विकास र सेवामा प्रविधिको प्रयोग

स्थानीय तहका कार्यक्रम र बजेटमा सञ्चार तथा प्रविधि

# डिजिटल पूर्वाधार विकास र सेवामा प्रविधिको प्रयोग


लेखक : **तिलक पाठक, किरण कौशल र कृष्ण पोखरेल**

भाषा सम्पादन **गोपाल प्रसाद बस्याल**

व्यवस्थापन **प्रतिमा थापा**

प्रकाशन मिति : **२०८१ माघ**

प्रकाशक :

**पाल्पा विकास केन्द्र**

**तानसेन नगरपालिका-२, पाल्पा**

**फोनः ०७५-५२२०९९**

**इमेल :** info@nitipatro.com, palpatdc.dov@gmail.com

**बेभः** www.nitipatro.com



CC BY NC

यो पुस्तक ओपन सोसाइटी फाउन्डेसनको सहयोगमा तयार पारिएको हो । यस पुस्तकमा लुम्बिनी प्रदेश सरकारले नीति तथा कार्यक्रममार्फत व्यक्त गरेका प्रतिवद्धताहरूको कार्यान्वयन पक्षको विश्लेषण गरिएको छ । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाइ यसका अंशहरू उपयोग गर्न सकिनेछ । यसमा गरिएको विश्लेषण, टिप्पणी र सुझाव पाल्पा विकास केन्द्रको हो । त्यसमा ओपन सोसाइटी फाउन्डेसन सहमत नहुन सक्छ ।

# विषयसूची

स्थानीय तहका कार्यक्रम र बजेटमा सञ्चार तथा प्रविधि

**डिजिटल पूर्वाधार विकास र सेवामा प्रविधिको प्रयोग ..... ५**

**भाग १ सूचना तथा सञ्चार प्रविधि क्षेत्रको समग्र बजेट ..... ५**

**भाग २ सञ्चार र प्रविधि क्षेत्रका कार्यक्रमहरू ..... ७**

नेपालगञ्ज उपमहानगरपालिका : डिजिटल पुर्वाधारमा जोड ..... ७

घोराही उपमहानगरपालिका: सेवामा सूचना प्रविधिको अधिकतम प्रयोग ..... ९

तुलसीपुर उपमहानगरपालिका : सूचना प्रविधिको प्रयोगमा आम नागरिकको पहुँच अभिबृद्धि ..... १२

बुटवल उपमहानगरपालिका : सूचना तथा सञ्चारको पहुँच विस्तार ..... १४

**निष्कर्ष ..... १९**

**सन्दर्भ सामग्री ..... २०**

# तालिकासूची

तालिका १ : सञ्चार तथा सूचना प्रविधि शीर्षकमा उपमहानगरपलिकाहरूले छुट्टयाएको बजेट (क्षेत्रगत व्यय विवरण अनुसार) ..... ६

तालिका २ : नेपालगञ्ज उपमहानगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा सूचना तथा सञ्चार प्रविधिका क्षेत्रमा छुट्टयाएको बजेट विवरण ..... ७

तालिका ३ : सूचना तथा सञ्चार प्रविधि व्यवस्थापन शाखाको आर्थिक बर्ष २०८०/०८१ को बार्षिक बजेट ..... ९

तालिका ४ : सूचना तथा सञ्चार प्रविधि व्यवस्थापन शाखा, आर्थिक बर्ष २०८१/०८२ को बार्षिक बजेट ..... ११

तालिका ५ : आर्थिक बर्ष २०८०/०८१ को तुलसीपुर उपमहानगरपालिकाको सूचना तथा सञ्चार प्रविधिसम्बन्धी बजेट विवरण ..... १३

तालिका ६ : आर्थिक बर्ष २०८१/०८२ को तुलसीपुर उपमहानगरपालिकाको सूचना तथा सञ्चार प्रविधिसम्बन्धी बजेट विवरण ..... १४

तालिका ७ : सूचना तथा सञ्चार प्रविधिसंग सम्बन्धित, आर्थिक बर्ष २०८०/०८१ को बजेट ..... १५

तालिका ८ : सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित, आर्थिक बर्ष २०८१/०८२ को बजेट ..... १८

# डिजिटल पूर्वाधार विकास र सेवामा प्रविधिको प्रयोग

## भाग १

## सूचना तथा सञ्चार प्रविधि क्षेत्रको समग्र बजेट

स्थानीय सरकारले हरेक आर्थिक वर्षमा सूचना तथा सञ्चार प्रविधिको विषयमा नीतिगत कार्यक्रम ल्याउनका साथै त्यसको कार्यान्वयनको लागि बजेट विनियोजन गर्ने गरेको छ । प्रस्तुत आलेखमा आर्थिक वर्ष २०८०/०८१ र २०८१/०८२ मा लुम्बिनी प्रदेशका नेपालगञ्ज, घोराही, तुलसीपुर र बुटवल उपमहानगरपालिकाले सुचना तथा सञ्चार प्रविधिको क्षेत्रमा के कस्ता नीति ल्याउनुका साथै त्यसको कार्यान्वयनका लागि के कति बजेट छुट्ट्याए भन्ने विषयमा विश्लेषण गरिएको छ ।

लुम्बिनी प्रदेशका चारवटा उपमहानगरपालिकाले दुई आर्थिक वर्षमा सञ्चार तथा सूचना प्रविधि क्षेत्रमा छुट्ट्याएको बजेट विश्लेषण गर्दा दुवै आर्थिक वर्षमा यस क्षेत्रमा सबैभन्दा धेरै बजेट छुट्ट्याउने बुटवल उपमहानगरपालिका रहेको छ । बुटवल उपमहानगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा ३ करोड ३७ लाख ५० हजार छुट्ट्याएको छ भने आर्थिक वर्ष २०८१/०८२ मा २ करोड ८८ लाख ५६ हजार छुट्ट्याएको छ । यसरी अघिल्लो वर्षको तुलनामा पछिल्लो वर्ष ४८ लाख ९४ हजार रूपैयाँ कम गरेको छ । बुटवलको दुवै आर्थिक वर्षको कुल सञ्चार बजेट ६ करोड २६ लाख ६ हजार रूपैयाँ रहेको छ ।

आर्थिक वर्ष २०८०/०८१ मा चारवटा उपमहानगरको तुलनामा सबैभन्दा कम बजेट (५४ लाख ६० हजार) छुट्ट्याएको नेपालगञ्ज उपमहानगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा भने १२ लाख ४० हजार रूपैयाँ थप बृद्धि गरी ६७ लाख रूपैयाँ छुट्ट्याएको छ । दुवै वर्षको गरी नेपालगञ्ज उपमहानगरपालिकाले छुट्ट्याएको सञ्चार तथा सूचना प्रविधि क्षेत्रको समग्र बजेट १ करोड २१ लाख ६० हजार रूपैयाँ रहेको छ ।

घोराही उपमहानगरपालिकाले पनि नेपालगञ्जले जस्तै अघिल्लो आर्थिक वर्षको तुलनामा पछिल्लो आर्थिक वर्ष सञ्चार क्षेत्रको बजेटमा बृद्धि गरेको छ । तर, यस्तो बृद्धि ज्यादै न्युन रहेको छ । आर्थिक वर्ष २०८०/०८१ मा ६९ लाख ५० हजार रूपैयाँ छुट्ट्याएकोमा आर्थिक वर्ष २०८१/०८२ मा ६५ हजार रूपैयाँ मात्र थप गरी ७० लाख १५ हजार रूपैयाँ छुट्ट्याएको देखिन्छ । घोराहीको दुवै वर्षको समग्र सञ्चार बजेट १ करोड ३९ लाख ६५ हजार रूपैयाँ रहेको छ ।

लुम्बिनीका यी चार उपमहानगरपालिकामध्ये आर्थिक वर्ष २०८१/०८२ मा सञ्चार क्षेत्रमा सबैभन्दा कम बजेट छुट्ट्याउने तुलसीपुर उपमहानगरपालिका हो । यो उपमहानगरपालिकाले २०८०/०८१ मा सञ्चार क्षेत्रमा ७७ लाख रूपैयाँ छुट्ट्याएपनि आर्थिक वर्ष २०८१/०८२ मा ४७ लाख रूपैयाँ कम गरी ३० लाख रूपैयाँ मात्रै छुट्ट्याएको हो । तुलसीपुरको दुई आर्थिक वर्षको समग्र सञ्चार बजेट १ करोड ७ लाख रूपैयाँ रहेको छ । दुई आर्थिक वर्षको समग्र सञ्चार बजेटलाई तुलना गर्ने हो भने यी चार स्थानीय तहमध्ये सबैभन्दा कम तुलसीपुरकै रहेको देखिन्छ ।

लुम्बिनी प्रदेशका यी चारवटा उपमहानगरपालिकाको दुई आर्थिक वर्षको सञ्चार बजेट विश्लेषण गर्दा नेपालगञ्ज र घोराहीले अघिल्लो वर्षको तुलनामा पछिल्लो वर्ष थोरै भएपनि सञ्चार बजेटमा बृद्धि गरेको देखिन्छ भने बुटवल र तुलसीपुरले अघिल्लो वर्षको तुलनामा पछिल्लो वर्ष सञ्चार बजेट घटाएको देखिन्छ । त्यसमा पनि तुलसीपुरले अघिल्लो वर्षको तुलनामा पछिल्लो वर्ष ६१ प्रतिशतले सञ्चार बजेट घटाएको देखिन्छ ।

**तालिका १ : सञ्चार तथा सूचना प्रविधि शीर्षकमा उपमहानगरपलिकाहरूले छुट्टयाएको बजेट (क्षेत्रगत व्यय विवरण अनुसार)**

| क्र.सं. | स्थानीय तह | आर्थिक बर्ष २०८०/०८१ | आर्थिक बर्ष २०८१/०८२ | जम्मा |
|---|---|---|---|---|
| १ | नेपालगञ्ज उपमहानगरपालिका | ५४ लाख ६० हजार | ६७ लाख | १ करोड २१ लाख ६० हजार |
| २ | घोराही उपमहानगरपालिका | ६९ लाख ५० हजार | ७० लाख १५ हजार | १ करोड ३९ लाख ६५ हजार |
| ३ | तुलसीपुर उपमहानगरपालिका | ७७ लाख | ३० लाख | १ करोड ७ लाख |
| ४ | बुटवल उपमहानगरपालिका | ३ करोड ३७ लाख ५० हजार | २ करोड ८८ लाख ५६ हजार | ६ करोड २६ लाख ६ हजार |

स्रोत : पालिकाको बजेट पुस्तिका

भाग २

# सञ्चार र प्रविधि क्षेत्रका कार्यक्रमहरु

## नेपालगञ्ज उपमहानगरपालिका : डिजिटल पुर्वाधारमा जोड

नेपालगञ्ज उपमहानगरपालिकाले आर्थिक बर्ष २०८०/०८१ को नीति तथा कार्यक्रममा नविनतम र उपयोगी सूचना प्रविधिको स्रोत र सिप विद्युतीय सुशासनको लागि प्रयोग गरिनुका साथै जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्ने उल्लेख गरेको छ । जनतालाई छिटो छरितो सेवा दिनका लागि विद्युतीय प्रणाली लागु गरिने र उपमहानगरपालिकाद्वारा सम्पादन हुने कार्यहरूलाई आधुनिक प्रविधिको प्रयोग गरी कागजको प्रयोग घटाउदै लगिने कुरालाई पनि नीति तथा कार्यक्रममा जोड दिएको पाइन्छ । त्यति मात्र होइन, नेपालगञ्ज उपमहानगरपालिकाको 'डिजिटाइजेसन प्रोजेक्ट'अन्तर्गतका सेवाहरु सबै वडामा बिस्तार तथा प्रभावकारी रुपमा लागु गरी डिजिटल पुर्वाधार तयार गरिने कुरा पनि नीति तथा कार्यक्रममा उल्लेख छ ।

सेवाग्राहीले घरमै बसी नगरपालिकाको सिफारिस, राजश्व तथा अन्य सेवाहरु अनलाइनमार्फत लिन सक्ने व्यवस्था मिलाउने, नगरपालिका तथा वडाभित्रको दर्ता, चलानी, तथ्याङ्क तथा अन्य महत्वपूर्ण दस्तावेजहरुलाई दीर्घकालिन हिसाबले जोगाउन अफिस अटोमेसन प्रणाली तथा सर्भर व्यवस्थापन कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने कुरा पनि नीति तथा कार्यक्रममा उल्लेख भएको पाइन्छ । सूचना प्रविधि स्रोतको समायानुकुल अभिबृद्धि गरी कार्यालयको सेवालाई सहज, छिटो र छरितो बनाउने कुरा पनि उपमहानगरापालिकाले नीति तथा कार्यक्रममार्फत् नै जनाएको छ ।

**तालिका २ : नेपालगञ्ज उपमहानगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा सूचना तथा सञ्चार प्रविधिका क्षेत्रमा छुट्टयाएको बजेट विवरण**

| क्र.सं. | विवरण | बजेट | |
|---|---|---|---|
| | | २०८०/०८१ | २०८१/०८२ |
| १ | साइबर सेक्युरिटी, डेटा सेक्युरिटी, पोर्टल र डिजिटाइजेसन प्रोजेक्ट तथा विभिन्न सफट्वेयरसम्बन्धी जनप्रतिनिधि तथा कर्मचारीहरूलाई क्षमता विकास तालिम कार्यक्रम | ३ लाख ५० हजार | ४ लाख |
| २ | इन्टरनेट, वाइफाई लगायत प्रविधि जडान तथा सूचना प्रविधि प्रवर्द्धन सम्बन्धि कार्यक्रम | ५ लाख | २ लाख |
| ३ | नगरपालिका तथा वडा कार्यालयलाई जोड्न नेटवर्किङ व्यवस्थापन | ३ लाख | |
| ४ | नगरपालिकाको सूचना प्रवाह माध्यमका लागी प्रयोग हुने विभिन्न सामाजिक सञ्जाल तथा अन्य सयन्त्र, बुस्टिङ व्यवस्थापन र निर्माण गर्ने कार्य | १ लाख | १ लाख |

| | | | |
|---|---|---|---|
| ५ | वडा कार्यालयहरूमा डिजिटाइजेसनका लागि संयोजन कमिटीसहित पदाधिकारीहरूको बैठक तथा अनुगमन कार्य | ५० हजार | ६० हजार |
| ६ | विभिन्न सफ्टवेयर, हार्डवेयरको लाइसेन्स वार्षिक रूपमा अद्यावधिक तथा नवीकरण शुल्कका लागि | ४ लाख | ५ लाख ७० हजार |
| ७ | सफट्वेयर खरिद, जडान तथा इन्टरनेटसम्बन्धी कार्य | ५ लाख | ३ लाख ५० हजार |
| ८ | नगरका विभिन्न सवारी साधनहरूमा जीपीएस जडान गर्ने कार्य | १ लाख ५० हजार | १ लाख |
| ९ | सर्भरका लागि आवश्यक उपकरण खरिद तथा सर्भर रूम सुदृढीकरण | ५ लाख | ३ लाख |
| १० | परामर्श सेवा, अध्ययन तथा प्रणाली पोर्टल सपोर्ट | - | २ लाख |
| ११ | बजार क्षेत्रमा बाइफाइ जडान तथा सूचना प्रविधिसँग सम्बन्धित कार्यक्रमहरु | - | ३ लाख |
| १२ | साईबर क्राईमसम्बन्धी सचेतना कार्यक्रम | - | ५ लाख |
| | **जम्मा** | **२८ लाख ५० हजार** | **३० लाख ८० हजार** |

स्रोत : पालिकाको बजेट पुस्तिका

नेपालगञ्ज उपमहानगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा पालिका र यस अर्न्तगतका कार्यालयबाट गरिने सेवा प्रवाहलाई पारदर्शी, मितव्ययी, गुणस्तरीय एवम सूचना प्रविधिमैत्री बनाउन मानव संसाधन विकास तथा संस्थागत क्षमता विकासतर्फ विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने कुरालाई नीति तथा कार्यक्रममा नै उल्लेख गरेको छ । त्यस्तै उपमहानगरपालिकाले प्रदान गर्ने सेवाहरूमा सूचना प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखी पूर्ण डिजिटाइजेसन गरी ई-गभर्नेन्स, ई-सर्भिसलाई प्रवर्द्धन गर्ने कुरा पनि नीति तथा कार्यक्रममार्फत जोड दिएको छ ।

नीति तथा कार्यक्रममा उल्लेखित सूचना तथा प्रविधिसम्बन्धी कार्यक्रमहरूको कार्यान्वयनका लागि नेपालगञ्ज उपमहानगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा २८ लाख ५० हजार रूपैयाँ र आर्थिक वर्ष २०८१/०८२ का लागि ३० लाख ८० हजार रूपैयाँ छुट्टयाएको छ (हेर्नुहोस् तालिका २) । त्यसो त सूचना तथा सञ्चार प्रविधि शाखाको अतिरिक्त सामाजिक विकास शाखामा पनि विभिन्न शीर्षकमा २० लाख ५० हजार रूपैयाँको सञ्चारसम्बन्धी बजेटको व्यवस्था गरिएको छ जसमा राष्ट्रिय समाचार समितिमार्फत अवधी भाषामा सूचना प्रकाशन प्रसारण कार्यक्रमका लागि २ लाख ५० हजार रूपैयाँ, सञ्चार क्षेत्र प्रवर्द्धन कार्यक्रम (कोष बुलेटिन रेडियो, टेलिभिजन सूचना समेतका लागि १५ लाख रूपैयाँ र नेपाल टेलिभिजनमार्फत कार्यक्रम सञ्चालनका लागि ३ लाख बजेट रहेको छ ।

## घोराही उपमहानगरपालिकाः सेवामा सूचना प्रविधिको अधिकतम प्रयोग

घोराही उपमहनगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रममा नागरिकहरूको सूचनाको हकलाई प्रवर्द्धन गर्न नगरपालिकाबाट सम्पादन भएका कार्यहरूलाई पारदर्शी बनाई वेबसाइट प्रकाशनलाई निरन्तरता दिने उल्लेख गरेको छ । यसका साथै नगरपालिकाबाट प्रवाह हुने सेवामा सूचना प्रविधिको अधिकतम प्रयोग गर्दै सेवा दिएर नागरिकको समयको बचत र लागत न्यूनिकरण गरिने कुरामा पनि उपमहानगरपालिकाले जोड दिएको छ । सेवाग्राहीहरूको गुनासो अनलाईन प्रणाली मार्फत व्यवस्थापन गरिने, कर्मचारीहरूको हाजिरी अभिलेखलाई व्यवस्थित गर्न नगरपालिकाबाट नै अनुगमन गर्ने गरी सबै वडा कार्यालय र स्वास्थ्य संस्थाहरूमा विद्युतीय हाजिरी प्रणाली लागु गरिने विषयलाई पनि नीति तथा कार्यक्रममा समेटिएको छ ।

सार्वजनिक सुनुवाई, गुनासो सुनुवाई, सामाजिक परीक्षण, स्वतः प्रकाशन गर्नपर्ने सूचनाको प्रकाशन तथा बिषयगत क्षेत्रका कार्यक्रमहरूको प्रभावकारिताको अध्ययन, प्रतिवेदन सार्वजनिक गरी सार्वजनिक जवाफदेहिता प्रबर्द्धन गरिने कुरा नीतिमा उल्लेख छ । त्यस्तै, नगरका गतिविधिलाई सबै नगरवासीहरूमा सम्प्रेषण गर्न तथा स्थानीय भाषाहरूको संरक्षण र प्रवर्द्धनको लागि 'हाम्रो नगर' रेडियो कार्यक्रमलाई थारू, मगर लगायत अन्य स्थानीय भाषामा समेत प्रसारणलाई निरन्तरता दिइने कुरा पनि नीति तथा कार्यक्रममा उल्लेख छ ।

सामाजिक सञ्जालको प्रयोगबाट व्यक्ति परिवार तथा समाजमा परेको नकरात्मक असर तथा अपराधिक क्रियाकलाप न्यूनिकरण गर्न सामाजिक सञ्जाल प्रयोगसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने कुरालाई पनि नीति तथा कार्यक्रममा जोड दिइएको छ । नेपाल पत्रकार महासंघ दाङ शाखासँग समन्वय र सहकार्य गरी पत्रकार महासंघको संस्थागत विकास, जिल्लाका पत्रकारहरूको क्षमता विकास र पत्रकारिता प्रवर्द्धनका लागि विभिन्न क्रियाकलापहरूलाई निरन्तरता दिदै पत्रकारहरूका लागि लेखनबृत्ति विकास कार्यक्रम सञ्चालन गरिने कुरा पनि घोराही उपमहानगरपालिकाको नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

**तालिका ३ : सूचना तथा सञ्चार प्रविधि व्यवस्थापन शाखाको आर्थिक बर्ष २०८०/०८१ को बार्षिक बजेट**

| क्र.सं. | कार्यक्रम विवरण | बजेट |
|---|---|---|
| १ | अनलाईन भुक्तानी प्रणालीमार्फत राजश्व संकलन | ५ लाख |
| २ | आयोजना बैंक प्रणाली सम्बन्धी सरोकारवालाहरूलाई अभिमुखीकरण | ३ लाख |
| ३ | ई-हाजिरी प्रणाली बिस्तार | ४ लाख ६५ हजार |
| ४ | ई-हाजिरी प्रणाली बिस्तार | ३५ हजार |
| ५ | क्रियाशिल महिला पत्रकार कार्यक्रम | १ लाख |
| ६ | किसान एप | ५ लाख |

| | | |
|---|---|---|
| ७ | गत आर्थिक बर्षको बार्षिक तथा चालु आर्थिक बर्षको त्रैमासिक प्रगति समिक्षा कार्यक्रम | ८ लाख |
| ८ | गुनासो व्यवस्थापन प्रणाली जडान | ३ लाख |
| ९ | घोराही उपमहानगरपालिका कार्मचारीहरूलाई सूचना प्रविधि तथा तथ्यांक व्यवस्थापनसम्बन्धि तालिम | १ लाख |
| १० | जिल्ला प्रहरी कार्यालयको समन्वयमा सिसिटिभी क्यामेरा मनिटरिङ प्रणाली | ५ लाख |
| ११ | थारू भाषा प्रवर्द्धनका लागि लौव अग्रासन साप्ताहिकलाई संस्थागत अनुदान | १ लाख |
| | **जम्मा** | **३७ लाख** |

स्रोत : पालिकाको बजेट पुस्तिका

घोराही उपमहानगरपालिकामा आर्थिक बर्ष २०८१/०८२ मा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी अघिल्ला वर्षका आयोजना बैंक प्रणालीसम्बन्धी सरोकारवालाहरूलाई अभिमुखीकरण, ई-हाजिरी प्रणाली बिस्तार, उपमहानगरपालिका कर्मचारीहरूलाई सूचना प्रविधि तथा तथ्यांक व्यवस्थापनसम्बन्धि तालिम

जस्ता कार्यक्रमहरूले निरन्तरता पाएपनि अधिकांश नयाँ रहेका छन् । उपमहानगरपालिकाबाट सम्पादन भएका कार्यहरूलाई पारदर्शी बनाउन नियमित रूपमा त्रैमासिक समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने, नागरिकको सूचनाको हकलाई प्रवर्द्धन गर्न नियमित स्वतः प्रकाशन तथा विभिन्न सूचना, प्रतिवेदन, अभिलेख दस्तावेज लगायत सूचनामुलक महत्वपूर्ण जानकारीहरु वेबसाइटमार्फत सार्वजनिक गरिने कुरा २०८१/०८२ को घोराहीको नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

उपमहानगरपालिकाबाट प्रवाह हुने सेवामा सूचना प्रविधिको अधिकतम र नविनतम प्रयोग गरी सेवाहरूको प्रक्रियालाई सहज बनाइने र सेवाग्राहीहरूलाई थप सुविधाको लागि विभिन्न सूचना प्रविधि प्रणालीहरु स्थापना गरी प्रयोगमा ल्याइने कुरा पनि उल्लेख छ । विद्युतीय शासनलाई थप प्रभावकारी बनाई नागरिक केन्द्रित एप्रोच कार्यान्वयन गरिने कुरा उल्लेख छ । डिजिटल नेपाल फ्रेमवर्कको अवधारणाअनुसार सेवा प्रवाहको विभिन्न क्षेत्रहरूमा सूचना प्रविधिलाई उपयोग गरिने, कर्मचारीहरूको हाजिरी अभिलेखलाई व्यवस्थित गर्न नगरपालिकाबाट विद्युतीय हाजिरी प्रणालीलाई वडा तहसम्म विस्तार गरिने, डिजिटल साक्षरतासम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिने कुरालाई पनि नीति तथा कार्यक्रमले जोड दिएको छ । नगरका गतिविधिहरूलाई सबै नगरबासीहरूसम्म सम्प्रेषण गर्न तथा स्थानीय भाषाहरूको संरक्षण र प्रवर्द्धनको लागि रेडियो तथा टेलिभिजन कार्यक्रमहरु स्थानीय भाषामा समेत प्रसारण गरिने, पत्रकार महासंघ दाङ शाखाको संस्थागत विकास, पत्रकारहरूको क्षमता विकास र पत्रकारिता प्रवर्द्धनका लागि विभिन्न कार्यक्रमहरूलाई निरन्तरता दिइने कुरा पनि नीति तथा कार्यक्रममा उल्लेख छ

**तालिका ४ : सूचना तथा सञ्चार प्रविधि व्यवस्थापन शाखा, आर्थिक बर्ष २०८१/०८२ को बार्षिक बजेट**

| क्र.सं. | विवरण | बजेट |
|---|---|---|
| १ | घोराही उपमहानगरपालिकाका कर्मचारीहरूलाई सूचना प्रविधि तथा तथ्यांक व्यवस्थापनसम्बन्धी तालिम | २ लाख |
| २ | वडाका सूचना अधिकारीहरूको लागि सूचनाको हक सम्बन्धी अभिमुखिकरण कार्यक्रम | १ लाख ५० हजार |
| ३ | आयोजना बैंक प्रणालीसम्बन्धी अभिमुखीकरण | २ लाख |
| ४ | पत्रकारहरूको क्षमता विकास तालिम | १ लाख |
| ५ | फोटोग्राफर एसोसियसनको समन्वयमा फोटोग्राफीसम्बन्धी तालिम | १ लाख |
| ६ | वित्तिय सुशासन मूल्यांकनसम्बन्धी समिक्षा तथा कार्यशाला गोष्ठी | २ लाख ५० हजार |
| ७ | ई-हाजिरी प्रणाली बिस्तार | ४ लाख |
| ८ | उपमहानरपालिका तथा वडाको जिआईएस नक्सा निर्माण तथा प्रकाशन | २ लाख |
| ९ | गत आर्थिक बर्षको नगरस्तरीय बार्षिक तथा चालु आर्थिक बर्षको नगरस्तरीय चौमासिक प्रगति समिक्षा कार्यक्रम | १० लाख |
| १० | घोराही उपमहानगरपालिकाको आर्थिक बर्ष २०८०/०८१ को कार्यसम्पादन मूल्यांकनको प्रतिवेदन तयारी कार्यक्रम | १ लाख |
| ११ | डिजिटल साक्षरतासम्बन्धी सचेतनामुलक कार्यक्रम | १ लाख |
| १२ | थारू भाषा नगर बुलेटिन | १ लाख |
| १३ | थारू भाषामा पत्रकारिता तालिम | ७५ हजार |
| १४ | नगरस्तरीय बार्षिक तथा त्रैमासिक सार्वजनिक सुनुवाई | ७ लाख |
| १५ | नेपाल टेलिभिजन कोहलपुरमा घोराही दर्पण कार्यक्रम सञ्चालन | २ लाख |
| १६ | नेपाल पत्रकार महासंघ दाङ शाखालाई विभिन्न कार्यक्रम सञ्चालन खर्च | ७ लाख |
| १७ | रेडियो इन्द्रेणीमा स्थानीय रेडियो कार्यक्रम | १ लाख २० हजार |
| १८ | रेडियो झरनामा स्थानीय रेडियो कार्यक्रम | ८० हजार |
| १९ | रेडियो पाठशालामा स्थानीय रेडियो कार्यक्रम | ८० हजार |
| २० | रेडियो मध्यपश्चिममा स्थानीय रेडियो कार्यक्रम | १ लाख १० हजार |
| २१ | रेडियो स्वर्गद्धारीमा स्थानीय रेडियो कार्यक्रम | १ लाख |
| २२ | लोव अग्रासन साप्ताहिकको समन्वयमा थारू भाषा प्रवर्द्धन कार्यक्रम | ५० हजार |
| २३ | बार्षिक म्यागेजिन | २ लाख |
| २४ | सूचना प्रविधि प्रणाली सफ्टवेयर जडान | १० लाख |

| | | |
|---|---|---|
| २५ | सूचना प्रविधिसम्बन्धी उपकरण खरिद | १ लाख ५० हजार |
| २६ | स्थानीय तहको प्रगति अनुगमन तथा मुल्यांकन प्रणाली बारेमा | १ लाख |
| | अभिमुखिकरण र प्रतिवेदन तयारी कार्यक्रम | |
| २७ | सामाजिक परीक्षण | २ लाख |
| | **जम्मा** | **६७ लाख ६५ हजार** |

स्रोत : पालिकाको बजेट पुस्तिका

घोराहीले आर्थिक वर्ष २०८१/०८२ मा यी कार्यक्रमहरूको कार्यान्वयनका लागि ६७ लाख ६५ हजार रूपैयाँ छुट्टयाएको छ भने कार्यक्रम र योजनाबाट एफएम तथा पत्रिका प्रकाशन र सञ्चालनका लागि ८० हजार र डकुमेन्ट्री निर्माणका लागि १ लाख रूपैयाँ पनि छुट्टयाइएको छ ।

**तुलसीपुर उपमहानगरपालिका : सूचना प्रविधिको प्रयोगमा आम नागरिकको पहुँच अभिबृद्धि**

सूचना तथा सञ्चार प्रविधिसम्बन्धी आर्थिक बर्ष २०८०/०८१ को नीति तथा कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिको प्रयोगमा आम नागरिकको पहुँच अभिबृद्धि गरिने, शिक्षा, स्वास्थ्य, विकास निर्माण र सेवा प्रवाह लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिने, पालिकाबाट सञ्चालन हुने अनलाइन प्रणालीहरूबीच अन्तर आवद्धता कायम गरी सेवा उपलब्ध गराइने कुरा उल्लेख छ । 'सूचना तथा सञ्चार दिगो विकासको आधार' नीतिलाई प्राथमिकता दिइने, सूचनाको हकसम्बन्धी कानूनलाई व्यवहारमा कार्यान्वयन गरिने, पालिकाका सबै खालका गतिविधिहरू वेबसाइटमार्फत सार्वजनिक गरिने, विभिन्न नीति, योजना तथा कार्यक्रम आदिको निर्माण तथा विश्लेषणको लागि तथ्यांक संकलन तथा सर्वेक्षणको कार्यक्रमलाई प्राथमिकता दिइने कुरा पनि नीति तथा कार्यक्रममा उल्लेख छ ।

त्यस्तै, तुलसीपुर उपहमानगरपालिकाबाट प्रकाशित गरिने सूचना तथा विज्ञापनलाई एकद्वार प्रणालीद्वारा व्यवस्थित गरिने र लोककल्याणकारी विज्ञापनलाई निरन्तरता दिइने कुरामा पनि नीति तथा कार्यक्रमले जोड दिएको छ । सबै शाखा, महाशाखा र वडाहरूसँग निरन्तर समन्वय र सहकार्य गर्नुका साथै शाखा, महाशाखा र वडाहरूको कार्य प्रगतिको चौमासिक तथा बार्षिक उपलब्धिको सूचना संकलन,

विश्लेषण आदि कार्यहरु प्रभावकारी रूपमा गरिने एवं सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षणको कार्य नियमित गरी एकीकृत तथ्याङ्क प्रणालीलाई व्यवस्थित गरिने र अभिलेख व्यवस्थापनलाई थप प्रभावकारी बनाइने कुरालाई पनि नीति तथा कार्यक्रमले समेटेको छ ।

**तालिका ५ : आर्थिक बर्ष २०८०/०८१ को तुलसीपुर उपमहानगरपालिकाको सूचना तथा सञ्चार प्रविधिसम्बन्धी बजेट विवरण**

| क्र.सं. | विवरण | बजेट |
|---|---|---|
| १ | पत्रपत्रिका तथा सूचना प्रकाशन खर्च | २० लाख |
| २ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | २५ लाख |
| ३ | जि आइ एस तालिम र नक्सानङ्कबाट डाटाबेस तयार | १ लाख |
| ४ | डिजिटल नागरिक बडापत्र निर्माण | ५ लाख |
| ५ | पुराना मेसिनलाई स्क्यान गरी सफ्टवेयरमा राख्ने | १ लाख |
| ६ | ब्रोसर छपाइ बुलेटिन तथा क्यालेण्डर प्रकाशन | २ लाख |
| ७ | सूचना तथा नगरका कार्यक्रम प्रशारण तथा विज्ञापन खर्च | ८ लाख |
| ८ | सुशासन प्रवर्द्धनका लागि जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास कार्यक्रम | १ लाख |
| ९ | सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धि क्षमता विकास तालिम सञ्चालन | २ लाख |
| १० | सार्वजनिक सुनुवाई तथा समिक्षा कार्यक्रम १ देखि १९ | ३ लाख |
| ११ | समृद्ध तुलसीपुर बुलेटिन प्रकाशन | ५ लाख |
| १२ | डकुमेन्ट्री तयारी | ४ लाख |
| | **जम्मा** | **७७ लाख** |

स्रोत : पालिकाको बजेट पुस्तिका

तुलसीपुरले आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रममा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी कतिपय नीतिहरूले निरन्तरता पाएका छन् भने कतिपय नयाँ थपिएका छन् । नगरबाट प्रवाह हुने सबै प्रकारका सेवालाई अनलाइन प्रविधिमा रूपान्तरण गरिदै लगिने कुरामा तुलसीपुरले जोड दिएको छ । एकीकृत तथ्याङ्क प्रणाालीलाई व्यवस्थित गरी अभिलेख व्यवस्थापन तथा सूचना प्रवाहलाई थप प्रभावकारी बनाइने, सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउँदै लगिने, सञ्चार तथा सूचना प्रविधिको प्रयोगमा आम नागरिकको पहुँच अभिबृद्धि गरिने कुरामा पनि तुलसीपुरले जोड दिएको देखिन्छ ।

त्यस्तै, तुलसीपुर उपमहानगरपालिकाबाट प्रकाशित गरिने सूचना तथा विज्ञापनलाई एकद्वार प्रणालीद्वारा व्यवस्थित गरिने, लोककल्याणकारी सूचना तथा विज्ञापनलाई सञ्चारमाध्यमहरूको वर्गीकरणका आधारमा कार्यान्वनमा ल्याइने र फेलोसिपको समेत व्यवस्था गरिने कुरालाई नीति तथा कार्यक्रममा उल्लेख गरेको छ । तुलसीपुर उपमहानगरपालिकाभित्र रही सञ्चालनमा आएका सञ्चारमाध्यमहरूका लागि आवश्यक पर्ने सामग्रीमा अनुदानको व्यवस्थापन गरिने कुरा पनि नीति तथा कार्यक्रममा उल्लेख छ । साइबर सुरक्षा डिजिटल प्रविधिका बिषयमा विशेष कार्यक्रम ल्याइने, ई-सिफारिसलाई पूर्णरूपमा कार्यान्वयनमा ल्याइने उल्लेख गर्दै नीति तथा कार्यक्रममा भनिएको छ, 'उपमहानगरपालिकाको योजना

सञ्चालन प्रक्रियालाई विद्युतिय प्रणालीमार्फत आ.व. २०८१/०८२ देखि सफ्टवेयरमार्फत गरिनेछ ।' यी कामहरूको लागि तुलसीपुरले आर्थिक वर्ष २०८१/०८२ का लागि ३० लाख रूपैयाँ छुट्टयाएको छ । यसका साथै योजना र कार्यक्रमबाट दैनिक पत्रिकालाई अनुदानस्वरूप ५ लाख रूपैयाँ छुट्टयाइएको पनि उल्लेख छ ।

**तालिका ६ : आर्थिक बर्ष २०८१/०८२ को तुलसीपुर उपमहानगरपालिकाको सूचना तथा सञ्चार प्रविधिसम्बन्धी बजेट विवरण**

| क्र.सं. | बिषय | बजेट |
|---|---|---|
| १ | जिङ्गल तयारी तथा माईकिङ्ग | १ लाख |
| २ | ब्रोसर तथा क्यालेण्डर छपाई | २ लाख |
| ३ | लोक कल्याणकारी सूचना, विज्ञापन प्रकाशन प्रसारण | १० लाख |
| ४ | नगरपालिकाको क्षेत्रगत विकासका विश्लेषण सुधार, सुझावसम्बन्धी अभिलेख प्रकाशन | ३ लाख |
| ५ | पत्रकारहरूको क्षमता विकास कार्यक्रम | ४ लाख |
| ६ | सूचना प्रविधि तालिम | १ लाख ५० हजार |
| ७ | सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण | ५ लाख |
| ८ | आर्थिक सर्वेक्षण | १ लाख ५० हजार |
| ९ | सञ्चारकर्मीसँगका अन्तक्रिया तथा पत्रकार भेटघाट | २ लाख |
| | **जम्मा** | **३० लाख** |

स्रोत : पालिकाको बजेट पुस्तिका

**बुटवल उपमहानगरपालिका : सूचना तथा सञ्चारको पहुँच विस्तार**

बुटवल उपमहानगरपालिकाको आर्थिक बर्ष २०८०/०८१ को नीति तथा कार्यक्रममा सूचना तथा सञ्चार प्रविधिसम्बन्धि विभिन्न कार्यक्रम समेटिएको छ । उपमहानगरपालिकासम्बद्ध सूचना तथा तथ्यांकलाई एकीकृत र व्यवस्थित गर्न डाटा बैंकको स्थापना गरिने, सार्वजनिक सेवाप्रवाहलाई सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग गरी थप प्रभावकारी र व्यवस्थित बनाइने, संविधानप्रदत्त मौलिक हकको कार्यान्वयनका लागि प्रेस स्वतन्त्रतालाई सुनिश्चित गर्न स्थानीयस्तरमा सञ्चारक्षेत्रको उन्नयनमा जोड दिइने कुरालाई उपमहानगरपालिकाले आफनो नीति तथा कार्यक्रममा समेटेको छ ।

जनतालाई सुसूचित गर्न नगरका गतिविधि समेटेर प्रकाशन हुने मुखपत्रलाई नियमित र डिजिटल बनाउने नीति लिइने कुरामा जोड दिदै उपमहानगरपालिकाले सञ्चार माध्यमको दर्ता तथा सूचीकृत गरी आवश्यक नियमन तथा व्यवस्थापन गर्नका लागि सञ्चार नीति तथा ऐन तजुमा गरिने कुरा उल्लेख गरेको छ । त्यति मात्र होइन, संघ र प्रदेशमा दर्ता भई नगरभित्र सञ्चालनमा रहेका रेडियो, छापा, पत्रपत्रिका, टेलिभिजन, अनलाईन, सञ्चार माध्यम, विज्ञापन एजेन्सीजस्ता सूचना तथा सञ्चार

प्रविधिसँग सम्बन्धित संस्थाहरूलाई नगरमा सूचीकृत गर्नका लागि प्रोत्साहन गर्ने नीति लिइने कुरामा पनि उपमहानगरपालिकाले जोड दिएको छ ।

नगरको विविध क्षेत्रको प्रवर्द्धनका लागि पुस्तक, वृत्तचित्र, गीतसंगीत र चलचित्र निर्मातालाई सामग्री उत्पादनमा प्रोत्साहित गरिने, नगरका विभिन्न स्थानमा आवश्यकता अनुसार फ्री वाईफाई र आइपीटीभी जडान गरिने, सूचना प्रविधिको प्रयोगबाट जनतामा सूचनाको पहुँच बढाउने वेबसाइट, मोबाइल एप, डिजिटल डिस्प्ले र च्याटबट निर्माण तथा उपयोगलाई अझ बढी प्रभावकारी बनाइने कुरामा पनि उपमहानरपालिकाको जोड रहेको देखिन्छ । त्यस्तै, जातीय पहिचानका भाषा, साहित्य, धर्म, कला, संस्कृति, ऐतिहासिकता लगायतको पहिचानलाई प्रवर्द्धन गर्ने खालका सामग्री उत्पादन तथा वितरणमा सुविधा तथा सहुलियत उपलब्ध गराइने पनि नीति तथा कार्यक्रममा उपमहानगरपालिकाले उल्लेख गरेको छ ।

नगरको सौन्दर्यलाई कायम राख्दै विभिन्न स्थानमा होर्डिङ बोर्ड, विद्युतीय डिस्प्ले, विज्ञापन टावर, भित्ते लेखन र उच्च बेलुनजस्ता बाह्य विज्ञापन प्रदर्शन गर्न, राख्न वा जडान गर्न अनुमति दिदै विज्ञापन नीति निर्माण गरी कार्यान्वयन गरिने कुरा पनि नीति तथा कार्यक्रममा उल्लेख छ । त्यस्तै, नगरभित्र कार्यालय स्थापना गरी सञ्चालन हुने केवल टेलिभिजन, इन्टरनेट सेवाजस्ता सबै प्रकारका सञ्चार सेवा प्रदायक संस्थाहरूलाई दर्ता, सूचीकृत र नियमन गर्ने नीति लिई सार्वजनिक स्थल कुरूप देखिने गरी राखिएका अनावश्यक तारहरु वडास्तरबाटै नियमन गरी हटाइने उपमहानगरपालिकाले जनाएको छ ।

नगरभित्र मुख्य कार्यालय स्थापना गरी सूचना प्रविधि क्षेत्रमा काम गर्न चाहने स्टार्टअप कम्पनीहरूलाई सहुलियत प्रदान गरी प्रोत्साहन गरिने, सामाजिक सञ्जाल तथा अन्य माध्यमबाट प्रवाह हुने मिथ्या सूचना न्यूनिकरण गर्न सचेतना कार्यक्रमहरु सञ्चालन गरिने कुरामा पनि उपमहानगरपालिकाले उत्तिकै जोड दिएको छ । उपमहानगरपालिकाका सबै वडाहरूमा नेपाल टेलिकम तथा सेवाप्रदायक संस्थाहरूसँगको सहकार्यमा सूचना तथा सञ्चारको पहुँच विस्तार गरिने, फाइबर केवल नपुगेका वडाहरूमा फाइबर केबल पुर्‍याउनका लागि सेवा प्रदायकसंस्थासँग पहल गरिने, जनप्रतिनिधि, कर्मचारी तथा आवश्यकताअनुसारका क्षेत्र पहिचान गरी आधुनिक प्रविधिको उपयोगिताबारे क्षमता विकास कार्यक्रमहरू संचालन गरिने कुरामा उपमहानगरपालिकाले जोड दिएको छ ।

**तालिका ७ : सूचना तथा सञ्चार प्रविधिसंग सम्बन्धित, आर्थिक बर्ष २०८०/०८१ को बजेट**

| क्र.सं. | विवरण | बजेट |
|---|---|---|
| १ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | ४५ लाख |
| २ | इन्टरनेट शुल्क भुक्तानी | १० लाख |
| ३ | आइपी क्यामेरा मर्मत | ४ लाख ५० हजार |
| ४ | बुटवल दपर्ण प्रकाशन | १२ लाख |
| ५ | शुभकामना तथा समवेदना प्रकाशन | २ लाख |

| | | |
|---|---|---|
| ६ | सूचनामूलक सन्देश प्रकाशन प्रशारण | ८ लाख |
| ७ | उत्कृष्ट पत्रकारिता पुरस्कार अक्षयकोष नेपाल पत्रकार महासंघ रूपन्देही | ५ लाख |
| ८ | एफएमहरूमा कार्यक्रम प्रशारण ६ वटा एफएमहरूका लागि ३/३ लाख (कार्यक्रमका आधारमा) | १८ लाख |
| ९ | खेलकुद पत्रकारिता सहकार्यमा हुने कार्यक्रम | ३ लाख |
| १० | छापा तथा अनलाईन माध्यमहरूमा प्रस्तावका आधारमा नगरका असल अभ्याससम्बन्धी सामग्री प्रकाशन | २० लाख |
| ११ | डिजिटल लर्निङ्ग पोर्टलको सञ्चालन तथा व्यवस्थापन | ५ लाख |
| १२ | नगरमुखपत्र अनलाईन निर्माण तथा व्यवस्थापन | ४ लाख |
| १३ | नगर बृत्तचित्र निर्माण | ७ लाख ५० हजार |
| १४ | नगरका असल अभ्यास सम्बन्धी भिडियो सामग्री निर्माण | ७ लाख |
| १५ | नगर प्रमुख सञ्चार क्षेत्र प्रोत्साहन तथा क्षमता विकास कार्यक्रम | २५ लाख |
| १६ | नेपाल पत्रकार महासंघ सहकार्य | ५ लाख |
| १८ | पत्रकार सम्मान कार्यक्रम | २ लाख |
| १९ | बुटवल महानगरपालिकाबाट गरिने कार्यक्रमहरूको मन्तव्य, सूचना लगायतका गतिविधि | १८ लाख |
| २० | बुटवलका कृषि उद्योग व्यपार पर्यटन क्षेत्रसँग सहकार्य (टेलिभिजन प्रशारण) | ५ लाख |
| २१ | बुटवलको पूर्वाधार विकास सम्बन्धी जानकारी सहकार्य (टेलिभिजन प्रशारण) | ५ लाख |
| २२ | बुटवलमा शिक्षा, स्वास्थ्य र खेलकुदसँग मिडिया सहकार्य (टेलिभिजन प्रशारण) | ५ लाख |
| २३ | बालबालिकासँग मेयर टेलिभिजन कार्यक्रम | ५ लाख |
| २४ | पत्रपत्रिका, एफएम, अनलाइन खबरहरूलाई कार्यक्रम मागको आधारमा बुटवल उपमहानगर विभिन्न गतिविधि सञ्चालन गर्ने | २० लाख |
| २५ | विभिन्न सञ्चार क्षेत्रसँग सम्बन्धी संस्थाहरूको क्षमता विकास कार्यक्रम मागका आधारित सञ्चार क्षेत्रको आधारित कार्यक्रम | २५ लाख |
| २६ | मिडियाकप फुटसल प्रतियोगिता प्रस्तावनाको आधारमा | २ लाख |
| २७ | विधागत भिडियो निर्माण शिक्षा, स्वास्थ्य योजना, सामाजिक विकास, आर्थिक विकास प्रस्तावनाका आधारमा | ५ लाख |
| २८ | सूचनाको हक कार्यान्वयन | १ लाख |

| | | |
|---|---|---|
| २९ | सञ्चार सामग्री प्रशारण तथा छपाई | १ लाख |
| ३० | सञ्चार ग्राम निर्माण | २ लाख |
| ३१ | सञ्चार नीति तथा ऐन निमाण | १ लाख ५० हजार |
| ३२ | सूर्यप्रसाद प्रधान स्मृति विकास पत्रकारिता पुरस्कार अक्षयकोष नेपाल पत्रकार महासंघ, रूपन्देही | १० लाख |
| ३३ | हाम्रो बुटवल टेलिभिजन कार्यक्रम उत्पादन प्रशारण | २० लाख |
| ३४ | हाम्रो बुटवल रेडियो कार्यक्रम उत्पादन प्रशारण | १५ लाख |
| ३५ | वार्षिक तथा चौमासिक समिक्षा गोष्ठी र सार्वजनिक सुनुवाई कार्यक्रम | ६ लाख |
| ३६ | सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण | १० लाख |
| ३७ | भिडियोग्राफी तथा फोटोग्राफी उपकरण खरिद | ५ लाख |
| ३८ | स्टुडियो उपकरण खरिद | ७ लाख |
| ३९ | नगर वेबसाइट निर्माण तथा व्यवस्थापन | ५ लाख |
| ४० | जनगर्जन मिडिया प्रालि जनपक्ष पत्रकारिता विकास अन्तक्रिया तथा दायित्व भुक्तानी | १ लाख |
| | **जम्मा** | **३ करोड ३७ लाख ५० हजार** |

स्रोत : पालिकाको बजेट पुस्तिका

उपमहानगरपालिकाले आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रममा पनि सूचना तथा सञ्चार प्रविधिसम्बन्धी धेरैजसो कार्यक्रमहरूलाई निरन्तरता दिएको देखिन्छ । संघ र प्रदेशमा दर्ता भई नगरभित्र सञ्चालनमा रहेका रेडियो, पत्रपत्रिका, टेलिभिजन, अनलाईन सञ्चार माध्यम, विज्ञापन एजेन्सी जस्ता सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित संस्थालाई नगरमा सूचीकृत गर्ने कार्य होस् वा नगरको सौन्दर्यलाई कायम राख्दै विभिन्न स्थानमा होर्डिङ वोर्ड, विद्युतीय डिस्प्ले, विज्ञापन टावर, भित्ते लेखन र उच्च बेलुनजस्ता बाह्रय विज्ञापन प्रर्दशन गर्न, राख्न वा जडान गर्न अनुमति दिदै विज्ञापन नीतिअनुसार कार्यान्वयन गरिने कुरा अघिल्लै वर्षका नीति तथा कार्यक्रमका निरन्तरता हुन् । त्यस्तै, नगरभित्र कार्यालय स्थापना गरी सञ्चालन हुने केवल टेलिभिजन, इन्टरनेट सेवाजस्ता सबै प्रकारका सञ्चार सेवा प्रदायक संस्थाहरूलाई दर्ता, सूचीकृत र नियमन गर्ने नीति लिने कुरालाई पनि अघिल्लै वर्षको नीति तथा कार्यक्रमको निरन्तरताको रूपमा लिन सकिन्छ ।

डिजिटल पालिका र ई-पालिकाको अवधारणा अबलम्बन गरी सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमुखी बनाइने, उपमहानगरपालिका सम्बद्ध सूचना तथा तथ्यांकलाई एकीकृत र व्यवस्थित गर्न डाटा बैंकको स्थापना गरिने, नगरका हरेक गतिविधिलाई नगरबासीसमक्ष पुऱ्याउन आमसञ्चार माध्यम, सामाजिक सञ्जाल र आधुनिक प्रविधिको अधिकतम उपयोग गर्ने नीति लिइने कुरा पनि उपमहानगरपालिकाको नीति तथा कार्यक्रममा उल्लेख छ । त्यस्तै, पत्रकारितामा अब्बल मानिने यस क्षेत्रको पहिचानलाई

थप स्थापित गर्न मिडिया सम्मेलन, रिपोर्टर फेस्टिबलजस्ता प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्न सम्बन्धित संघ संस्थाहरूसँग सहकार्य गरिने कुरालाई जोड दिदै उपमहानगरपालिकाले सञ्चार क्षेत्रमा देखिएका आर्थिक संकटलाई न्यूनिकरण गर्न सम्बन्धित क्षेत्रका संस्थाहरूको सहकार्यमा सञ्चार क्षेत्रहरूलाई सबल बनाउने र राहत प्रदान गर्ने गरी आवश्यक कार्यक्रम सञ्चालन गरिने कुरालाई पनि नीति तथा कार्यक्रममा समेटेको छ ।

जनतालाई सुसूचित गर्न नगरका गतिविधिलाई थप व्यवस्थित गर्नका लागि एफएम रेडियो सञ्चालन गरिने र मुखपत्रलाई नियमित र डिजिटल बनाउने नीति अबलम्बन गरिने विषय पनि नीति तथा कार्यक्रममा उल्लेख छ । त्यस्तै, संविधान प्रदत्त अधिकार बमोजिम सञ्चार माध्यमको दर्ता तथा सूचीकृत गदै आवश्यक नियमन तथा व्यवस्थापन गर्नका लागि सञ्चार नीति तथा ऐन तर्जुमा गरिने, नगरको विविध क्षेत्रको प्रवर्द्धनका लागि पुस्तक, बृत्तचित्र, नाटक, गीतसंगीत र चलचित्र निर्मातालाई सामग्री उत्पादनमा प्रोत्साहित गरिने, सूचना प्रविधिको प्रयोगबाट जनतामा सूचनाको पहुँच बढाउन वेबसाइट, मोबाइल एप, डिजिटल डिस्प्ले र च्याटबटलाई थप प्रभावकारी बनाइनेदेखी सामाजिक सञ्जाल तथा अन्य माध्यमबाट प्रवाह हुने मिथ्या सूचना न्यूनिकरण गर्न डिजिटल साक्षरतासम्बन्धी सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेसम्मका विषयलाई उपमहानगरपालिकाले जोड दिएको छ । नगरका सबै वडा कार्यालय, स्वास्थ्य केन्द्रहरु, मुख्य सार्वजनिक स्थलहरु तथा अन्य पर्यटकीय महत्वका क्षेत्रहरूमा इन्टरनेट र आइपीटीभी सेवा विस्तार तथा फ्री बाईफाई जोन बनाइने, सञ्चार माध्यमहरूलाई एकीकृत रूपमा सञ्चालन गर्ने गरी सञ्चारग्रामको अवधारणलाई कार्यान्वयन गर्न पहल गरिने कुरामा पनि उपमहानगरपालिकाले जोड दिएको देखिन्छ ।

**तालिका ८ : सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित, आर्थिक बर्ष २०८१/०८२ को बजेट**

| क्र.सं | विवरण | बजेट |
|---|---|---|
| १ | पत्रपत्रिका तथा ऐन नियम किताब | ५ लाख |
| २ | कार्यालय सूचना र विज्ञापन | २५ लाख |
| ३ | शुभकामना र समवेदना | २ लाख |
| ४ | सञ्चार सामग्री प्रचार प्रसारण तथा छपाई | १ लाख |
| ५ | सूचना सञ्चार प्रविधिमा आधारित ईमेल, इन्टरनेट वाईफाई इलेक्ट्रोनिक सामान मर्मत सम्भार | २० लाख |
| ६ | डिजिटल साक्षरता र मिथ्या सूचना सम्बन्धी जनचेतना कार्यक्रम | ५ लाख |
| ७ | पत्रकारिता पुरस्कार कार्यक्रम स्वर्गीय सूर्य प्रसाद प्रधान पुरस्कार, उत्कृष्ट पत्रकार पुरस्कार र अन्य | ३ लाख |
| ८ | खेलकुद पत्रकार मञ्च कार्यक्रम | ३ लाख ५० हजार |
| ९ | नगर वेबसाइट निर्माण तथा व्यवस्थापन | ७ लाख |
| १० | नगर बृत्तचित्र निर्माण तथा बुटवल संगीत निर्माण तथा प्रतियोगिता सञ्चालन | १५ लाख |

| | | |
|---|---|---|
| ११ | नगर प्रमुख सञ्चार क्षेत्र प्रोत्साहन तथा नगर गतिविधि प्रचार कार्यक्रम | ५० लाख |
| १२ | सूचनाको हक सम्बन्धी अर्न्तक्रिया | ५० हजार |
| १३ | सञ्चार नीति तथा ऐन तर्जुमा | २ लाख |
| १४ | सार्वजनिक सुनुवाई, सेवाग्राही सन्तुष्टी सर्वेक्षण वार्षिक तथा चौमासिक समिक्षा गोष्ठी | ९ लाख |
| १५ | आपाङ्गता परिचय पत्र वितरण व्यवस्थापन, डिजिटल प्रविधिबाट परिचय पत्र वितरणका लागि सफ्टवयर जडान | ५ लाख |
| १६ | डाटा बैंक सञ्चालन | ५० लाख |
| १७ | सञ्चार कक्ष तथा स्टुडियो निर्माण तथा उपकरण खरिद | १५ लाख |
| | **जम्मा** | **२ करोड ८ लाख** |

स्रोत : पालिकाको बजेट पुस्तिका

**निष्कर्ष**

लुम्बिनी प्रदेशका चारवटा उपमहानगरपालिकाले दुई आर्थिक वर्षमा सञ्चार तथा सूचना प्रविधी क्षेत्रमा छुट्टयाएको बजेट विश्लेषण गर्दा उपमहानगरअनुसार बजेटको आकार फरक रहेको छ । दुई वर्षको बजेट हेर्दा सुचना प्रविधीको क्षेत्रमा सबैभन्दा थोरैमा ३० लाख रूपैयाँदेखि धेरैमा ३ करोड ३७ लाख रूपैयाँसम्म छुट्टयाएको देखिन्छ । त्यसो त एउटै उपमहानगरपालिकाको हकमा पनि अघिल्लो वर्षको तुलनामा बजेटमा थपघट हुने गरेको पाइन्छ । लुम्बिनी प्रदेशका यी चारवटा उपमहानगरपालिकाको दुई आर्थिक वर्षको सञ्चार बजेट विश्लेषण गर्दा नेपालगञ्ज र घोराहीले अघिल्लो वर्षको तुलनामा पछिल्लो वर्ष थोरै भएपनि सञ्चार बजेटमा बृद्धि गरेको देखिन्छ भने बुटवल र तुलसीपुरले अघिल्लो वर्षको तुलनामा पछिल्लो वर्ष सञ्चार बजेट घटाएको देखिन्छ ।

लुम्बिनीका उपमहानगरपालिकाहरूले आफ्नो नीति तथा कार्यक्रममा नविनतम र उपयोगी सूचना प्रविधिको स्रोत र सिपलाई विद्युतीय सुशासनको लागि प्रयोग गर्ने, जनप्रतिनिधी एवं कर्मचारीको क्षमता अभिबृद्धिमा जोड दिने, जनतालाई छिटो छरितो सेवा दिनका लागि विद्युतीय प्रणाली लागु गरिने, डिजिटल पुर्वाधार तयार गरिने, सूचना प्रविधि स्रोतको समायानुकुल अभिबृद्धि गरी कार्यालयको सेवालाई सहज, छिटो र छरितो बनाउने, सेवा प्रवाहलाई पारदर्शी, मितव्ययी, गुणस्तरीय एवम सूचना प्रविधिमैत्री बनाउने, सेवाग्राहीहरूको गुनासो अनलाईन प्रणालीमार्फत व्यवस्थापन गरिने, विद्युतिय हाजिरी प्रणाली लागु गरिने, सामाजिक सञ्जाल प्रयोगसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने, पत्रकारिता प्रवर्द्धन गर्ने, डिजिटल नेपाल फ्रेमवर्कको अवधारणाअनुसार सेवा प्रवाहको विभिन्न क्षेत्रहरूमा सूचना प्रविधिलाई उपयोग गरिने, डिजिटल साक्षरतासम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिने, सूचना तथा तथ्यांकलाई एकीकृत र व्यवस्थित गर्न डाटा बैंकको स्थापना गरिनेलगायतका कार्यक्रमहरूमा जोड दिएको देखिन्छ ।

सञ्चार माध्यमको दर्ता तथा सूचीकृत गरी आवश्यक नियमन तथा व्यवस्थापन गर्नका लागि सञ्चार नीति तथा ऐन तजुमा गरिनेदेखी संघ र प्रदेशमा दर्ता भई नगरभित्र सञ्चालनमा रहेका रेडियो, छापा, पत्रपत्रिका, टेलिभिजन, अनलाईन, सञ्चार माध्यम, विज्ञापन एजेन्सीजस्ता सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित संस्थाहरूलाई नगरमा सूचीकृत गर्नका लागि प्रोत्साहन गर्ने नीति लिइने कुरामा पनि उपमहानगरपालिकाहरूले जोड दिएको पाइन्छ । नगरभित्र मुख्य कार्यालय स्थापना गरी सूचना प्रविधि क्षेत्रमा काम गर्न चाहने स्टार्टअप कम्पनीहरूलाई सहुलियत प्रदान गरी प्रोत्साहन गरिने, सामाजिक सञ्जाल तथा अन्य माध्यमबाट प्रवाह हुने मिथ्या सूचना न्यूनिकरण गर्न सचेतना कार्यक्रमहरु सञ्चालन गरिने कुरामा पनि उपमहानगरपालिकाहरूले जोड दिएको देखिन्छ । यसरी उपमहानगरपालिकाहरूले आफना नीति तथा कार्यान्वयनमा सञ्चार तथा प्रविधि क्षेत्रका धेरै विषयलाई समेटेको पाइन्छ । तर, के कति कार्यान्वयन गर्न सक्छन् भन्ने कुरा महत्वपुर्ण विषय हो ।

**सन्दर्भ सामग्री**


- नेपालगञ्ज उपमहानगरपालिका नीति तथा कार्यक्रम आर्थिक बर्ष २०८०/०८१ र २०८१/०८२
- नेपालगञ्ज उपमहानगरपालिकाको बजेट तथा कार्यक्रम आर्थिक बर्ष २०८०/०८१ र २०८१/०८२
- घोराही उपमहानगरपालिका नीति तथा कार्यक्रम आर्थिक बर्ष २०८०/०८१ र २०८१/०८२
- घोराही उपमहानगरपालिकाको बजेट तथा कार्यक्रम आर्थिक बर्ष २०८०/०८१ र २०८१/०८२
- तुलसीपुर उपमहानगरपालिकाको नीति तथा कार्यक्रम आर्थिक बर्ष २०८०/०८१ र २०८१/०८२
- तुलसीपुर उपमहानगरपालिकाको बजेट तथा कार्यक्रम आर्थिक बर्ष २०८०/०८१ र २०८१/०८२
- बुटवल उपमहानगरपालिका नीति तथा कार्यक्रम आर्थिक बर्ष २०८०/०८१ र २०८१/०८२
- बुटवल उपमहानगरपालिकाको बजेट तथा कार्यक्रम आर्थिक बर्ष २०८०/०८१ र २०८१/०८२

पाल्पा विकास केन्द्र २०६५ सालमा स्थापना भई प्रदेशस्तरमा मिडिया विकास, नीतिगत बहस र संवाद साथै अध्ययन अनुसन्धानको क्षेत्रमा काम गर्दै आएको छ । संस्थाले सञ्चालनमा ल्याएको नीतिपात्रो पोर्टलमा लुम्बिनी प्रदेशका स्थानीय सरकार र प्रदेश सरकारसँग सम्बन्धित सामग्रीहरु समेटिएका छन् ।

यो पोर्टलले विशेषगरी पत्रकारहरूलाई स्थानीय एवं प्रदेश सरकारले बनाउने नीतिदेखि बजेट लगायतका विषयमा खास मुद्दा र स्रोतको पहिचान गरी विस्तृत रुपमा समाचार तयार पार्न सहयोग पुऱ्याउँदछ । त्यस्तै, आम जनतालाई आफ्नो समुदायमा के-कस्ता नीतिगत काम भइरहेका छन् भन्ने विषयमा पनि यो पोर्टलले जानकारी दिन्छ ।

संस्थाले प्रदेशस्तरीय पर्यटन प्रवर्द्धन, साँस्कृतिक सम्पदा र शिक्षा सम्बन्धि अध्ययन अनुसन्धान र भिडियो डकुमेन्ट्री निर्माण, स्थानीय तहमा सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, परिचयात्मक फोटो फिचर निर्माण, क्षमता विकास तालिम र अन्य परार्मशमा काम समेत गर्दै आएको छ ।


प्रकाशकः

**पाल्पा विकास केन्द्र**

तानसेन नगरपालिका-२, पाल्पा

फोनः ०७५-५२२०९९

इमेल : info@nitipatro.com, palpatdc.dov@gmail.com

बेभः www.nitipatro.com